धरानमा बान्तावा भाषाको प्रयोगावस्था

इन्दिरा राई
महेन्द्र बहुमुखी क्याम्पस, धरान ।
indurai230@gmail.com

https://doi.org/10.3126/gyandeep.v11i01.96616

लेखसार

यो अनुसन्धानात्मक लेख कोशी प्रदेशको धरान उपमहानगरपालिकामा बसोबास गर्ने राई समुदायको मातृभाषा बान्तावा भाषाको वर्तमान प्रयोगावस्था, अन्तरपुस्तीय भाषिक हस्तान्तरण तथा भाषिक जीवन्तताको अध्ययनमा केन्द्रित छ। अध्ययनमा गुणात्मक अनुसन्धान विधि अवलम्बन गरी उद्देश्यमूलक नमुना छनोटका आधारमा ज्येष्ठ, युवा तथा बाल उमेर समूहका नौ जना भाषिक सूचकहरूसँग अर्धसंरचित अन्तर्वार्ता तथा सहभागी अवलोकनमार्फत तथ्य सङ्कलन गरिएको छ। अध्ययनको सैद्धान्तिक आधारका रूपमा फिसम्यान (१९९१) को अन्तरपुस्तीय भाषिक हस्तान्तरण सिद्धान्त, ग्राइम्स (२०००) को भाषिक जीवन्तता अवधारणा, युनेस्को (२००३) को भाषिक सङ्कट वर्गीकरण, लुइस र साइमन्स (२०१०) को EGIDS ढाँचा तथा भिगोत्स्की (१९७८) को सामाजिक–सांस्कृतिक सिद्धान्तलाई ग्रहण गरिएको छ। अध्ययनबाट बान्तावा भाषा ज्येष्ठ पुस्तामा अझै जीवन्त र जातीय पहिचान तथा सांस्कृतिक निरन्तरताको आधारका रूपमा रहेको तर युवा तथा बाल पुस्तामा यसको प्रयोग, भाषिक दक्षता र अन्तरपुस्तीय हस्तान्तरण क्रमशः कमजोर बन्दै गएको तथ्य प्राप्त भएको छ। नेपाली र अङ्ग्रेजी भाषाको बढ्दो प्रभाव, सीमित प्रयोगक्षेत्र तथा कमजोर सामाजिक समर्थनका कारण बान्तावा भाषाको जीवन्तता प्रभावित भएको देखिन्छ। अध्ययनले बान्तावा भाषा ह्रासोन्मुख अवस्थामार्फत क्रमशः सङ्कटग्रस्त अवस्थातर्फ उन्मुख रहेको सङ्केत गरेको छ। त्यसैले यसको संरक्षण, संवर्द्धन र पुनर्जीवनका लागि परिवार, समुदाय, विद्यालय तथा स्थानीय तहको समन्वित पहल आवश्यक रहेको निष्कर्ष प्रस्तुत गरिएको छ।

शब्दकुञ्जी : बान्तावा भाषा, मातृभाषा, भाषिक जीवन्तता, पुस्तान्तरण, भाषा संरक्षण

विषय प्रवेश

नेपाल बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक विशेषताले सम्पन्न राष्ट्र हो। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १४२ जातजाति र १२४ मातृभाषाहरू बोलिन्छन् । यी भाषाहरूले सम्बन्धित समुदायको सांस्कृतिक पहिचान, सामाजिक सम्बन्ध, परम्परागत ज्ञान तथा ऐतिहासिक स्मृतिको संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । यिनै भाषामध्ये बान्तावा भाषा किरात राई समुदायले प्रयोग गर्ने प्रमुख मातृभाषामध्ये एक हो । भाषावैज्ञानिक दृष्टिले यो तिब्बती–बर्मी भाषा परिवारको किराती शाखाअन्तर्गत पर्दछ (राई, २०७६) । बान्तावा भाषाको प्रयोग विशेषतः पूर्वी नेपालका भोजपुर, खोटाङ, उदयपुर, सुनसरी तथा आसपासका क्षेत्रमा बसोबास गर्ने बान्तावा राई समुदायमा हुँदै आएको छ । यस भाषामा धार्मिक अनुष्ठान, सांस्कृतिक परम्परा, लोककथा, लोकगीत तथा मौखिक ज्ञानको समृद्ध भण्डार निहित रहेको छ । समुदायको सांस्कृतिक निरन्तरता, सामाजिक सम्बन्ध र जातीय पहिचान संरक्षणमा यस भाषाले ऐतिहासिक रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

यद्यपि पछिल्ला दशकहरूमा शहरीकरण, आन्तरिक बसाइँसराइ, औपचारिक शिक्षामा नेपाली तथा अङ्ग्रेजी भाषाको बढ्दो प्रभाव, सञ्चार–प्रविधिको विस्तार तथा बदलिँदो सामाजिक परिवेशका कारण नेपालका विभिन्न मातृभाषाहरूको प्रयोगमा परिवर्तन देखिएको छ । बान्तावा भाषा पनि यस प्रभावबाट अछुतो रहेको छैन । विशेषतः सहरी क्षेत्रमा बसोबास गर्ने बान्तावा भाषी समुदायका विभिन्न उमेर समूहबिच भाषाको प्रयोग, दक्षता तथा पुस्तान्तरणमा उल्लेखनीय भिन्नता देखिन थालेको छ । धरान उपमहानगरपालिका बान्तावा भाषीहरूको महत्त्वपूर्ण बसोबास क्षेत्र भए पनि त्यहाँ भाषाको वास्तविक प्रयोग अवस्था, अन्तरपुस्तीय हस्तान्तरण तथा भाषिक

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

जीवन्तताबारे केन्द्रित अध्ययनहरू सीमित रहेका छन् । नेपालमा मातृभाषा संरक्षण, भाषिक अधिकार तथा भाषिक प्रयोग अवस्थासम्बन्धी विभिन्न अध्ययनहरू सम्पन्न भएका छन् । आङ्देम्बे (२०७८) ले बान्तावा भाषाको प्रयोग अवस्थाको अध्ययन गर्दै ज्येष्ठ पुस्तामा भाषाको प्रयोग अपेक्षाकृत सशक्त रहे पनि युवा तथा बाल पुस्तामा नेपाली भाषाको प्रभाव बढ्दै गएको उल्लेख गरेका छन् । लिम्बु (२०७७) ले मातृभाषा शिक्षाका चुनौती र अवसरहरूको अध्ययन गर्दै विद्यालयीय वातावरणमा मातृभाषाको सीमित प्रयोगले भाषिक हस्तान्तरण प्रक्रियामा नकारात्मक प्रभाव पार्ने निष्कर्ष प्रस्तुत गरेका छन् । शिक्षा मन्त्रालय (२०७४) ले मातृभाषामा आधारित प्रारम्भिक शिक्षालाई नीतिगत रूपमा स्वीकार गरे तापनि पाठ्यसामग्री, प्रशिक्षित जनशक्ति तथा संस्थागत व्यवस्थापनका चुनौतीका कारण यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको औँल्याएको छ । त्यसै गरी सापकोटा (२०७९) ले सामाजिक सञ्जाल तथा आधुनिक सञ्चार माध्यमलाई मातृभाषा संरक्षणका सम्भावित माध्यमका रूपमा उल्लेख गरे पनि अधिकांश आदिवासी भाषाहरूमा डिजिटल उपस्थितिको अभाव रहेको देखाएका छन् । न्यौपाने (सन् २०२४) ले कोशी प्रदेशका मातृभाषाहरूको अध्ययन गर्दै शहरीकरण, बसाइँसराइ, द्विभाषिक विवाह तथा नयाँ पुस्तामा घट्दो भाषिक सचेतनालाई भाषिक विस्थापनका प्रमुख कारणका रूपमा उल्लेख गरेका छन् ।

यी अध्ययनहरूले मातृभाषाको संरक्षण, भाषिक प्रयोग तथा भाषिक हस्तान्तरणका विविध पक्षहरूलाई उजागर गरे पनि धरानमा बसोबास गर्ने बान्तावा भाषी समुदायका विभिन्न उमेर समूहबिच भाषाको वर्तमान प्रयोग अवस्था, अन्तरपुस्तीय हस्तान्तरण तथा त्यसलाई प्रभाव पार्ने सामाजिक, शैक्षिक र पारिवारिक पक्षहरूको समग्र विश्लेषण भने पर्याप्त रूपमा भएको पाइँदैन । विशेषगरी ज्येष्ठ, युवा र बाल पुस्ताबिच भाषिक प्रयोगमा देखिएका भिन्नता, भाषिक प्राथमिकतामा आएको परिवर्तन तथा भाषिक व्यवहारलाई प्रभाव पार्ने सामाजिक प्रक्रियाहरूको अध्ययन सीमित रहेको छ । यही अध्ययनगत रिक्ततालाई सम्बोधन गर्ने उद्देश्यले प्रस्तुत अनुसन्धान सञ्चालन गरिएको हो । यस अध्ययनले धरानमा बसोबास गर्ने बान्तावा भाषी समुदायमा पुस्तानुसार बान्तावा भाषाको प्रयोगमा आएको परिवर्तन तथा त्यसलाई प्रभाव पार्ने सामाजिक, शैक्षिक र पारिवारिक कारणहरूको विश्लेषण गरेको छ । साथै, विभिन्न उमेर समूहबिच भाषिक प्रयोगको भिन्नता पहिचान गरी बान्तावा भाषाको वर्तमान प्रयोगावस्था, भाषिक जीवन्तता तथा संरक्षणका सम्भावित उपायहरूबारे निष्कर्ष प्रस्तुत गर्ने प्रयास गरेको छ । भाषा केवल सञ्चारको माध्यम मात्र नभई समुदायको इतिहास, संस्कृति, ज्ञान र पहिचानको संवाहक पनि हो । त्यसैले बान्तावा भाषाको वर्तमान प्रयोग अवस्था र पुस्तान्तरण प्रक्रियाको अध्ययनले भाषिक जीवन्तताको मूल्याङ्कन गर्न, भाषा संरक्षणका रणनीति निर्माण गर्न तथा स्थानीय तहमा मातृभाषामैत्री नीतिगत योजना तर्जुमा गर्न उपयोगी आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।

अध्ययनको विधि र प्रक्रिया

यस अध्ययनमा बान्तावा भाषाको वर्तमान प्रयोग अवस्थाको गहिरो समझदारी प्राप्त गर्न गुणात्मक अनुसन्धान विधि अपनाइएको छ । खनाल र जि. सी. (२०८०)का अनुसार कुनै पनि घटना तथा समस्याका सम्बन्धमा असंरचनात्मक रूपमा अध्ययन गरी शाब्दिक रूपमा सूचना सङ्कलन मार्फत निश्चित किसिमको निचोडमा पुग्ने अनुसन्धान विधिलाई गुणात्मक अनुसन्धान भनिन्छ । गुणात्मक प्रविधिबाट समुदायको वास्तविक भाषा व्यवहार, दृष्टिकोण र सामाजिक-सांस्कृतिक सन्दर्भको विश्लेषण गर्न सकिन्छ । तथ्य सङ्कलनका लागि प्रत्यक्ष अन्तरवार्ता संरचित र अर्ध–संरचित प्रश्नावलीको माध्यमबाट विभिन्न उमेर समूहका भाषिक सूचकहरूसँग अन्तर्वार्ता लिइएको छ । त्यसैगरी सहभागी अवलोकन बान्तावा भाषाभाषी समुदायको दैनन्दिन जीवन, भाषा प्रयोगको व्यवहार, सामाजिक सहभागिता र संवादको अवस्थालाई प्रत्यक्ष अवलोकन गरिएको छ । साथै द्वितीयक स्रोतको समीक्षाका क्रममा अघिल्ला अनुसन्धान, तथ्याङ्क र प्रकाशनहरूको समालोचनात्मक लेखहरूको अध्ययन गरिएको छ जसले विषयको पृष्ठभूमि बुझ्न मद्दत पुर्‍याउँछ । यसरी समग्रमा भन्दा प्रत्यक्ष अन्तरवार्ता,

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

सहभागी अवलोकन र द्वितीयक स्रोतहरूको समीक्षाको माध्यमबाट तथ्य सङ्कलन गरिएको छ । बान्तावा भाषाभाषी समुदायका विभिन्न उमेर समूहका व्यक्तिहरूसँग अन्तरक्रिया गरि तिनीहरूको भाषा प्रयोग सम्बन्धी दृष्टिकोण र व्यवहारको अवलोकन गरिएको छ ।

सहभागी छनोटका लागि उद्देश्यमूलक नमुना छनोट विधि अपनाइएको छ । बान्तावा भाषाको पुस्तागत प्रयोग, हस्तान्तरण र जीवन्तताको अवस्था बुझ्न विभिन्न उमेर समूहका व्यक्तिहरूलाई सहभागीका रूपमा चयन गरिएको हो । गुणात्मक अनुसन्धानमा कुनै सामाजिक वा भाषिक घटनालाई विभिन्न दृष्टिकोणबाट बुझ्न विविध अनुभव भएका सूचनादाताको छनोट आवश्यक मानिन्छ (क्रेसवेल र पोथ, २०१८; प्याटन, २०१५) । यस आधारमा अध्ययनमा ज्येष्ठ, युवा र बाल उमेर समूहका गरी तीन तहका भाषिक सूचकहरू समावेश गरिएको छ । ज्येष्ठ समूहमा ५० वर्षभन्दा माथिका, बान्तावा भाषाको परम्परागत ज्ञान तथा प्रयोग अनुभव भएका तीन जना सहभागी समावेश गरिएका छन् । युवा समूहमा २० देखि ५० वर्ष उमेरका, पारिवारिक तथा सामाजिक जीवनमा भाषा प्रयोग र पुस्तान्तरण प्रक्रियामा मध्यस्थ भूमिका निर्वाह गर्ने तीन जना सहभागी राखिएका छन् । त्यसैगरी २० वर्षमुनिका बाल तथा किशोर उमेर समूहका तीन जना सहभागी समावेश गरी भावी पुस्तामा भाषाको प्रयोग, रुचि र हस्तान्तरणको अवस्थाबारे जानकारी सङ्कलन गरिएको छ । यसरी विभिन्न उमेर समूहका जम्मा नौ जना भाषिक सूचकहरूको सहभागिता सुनिश्चित गरिएको छ। सहभागीहरू धरान उपमहानगरपालिकाका विभिन्न वडामा बसोबास गर्ने बान्तावा भाषी समुदायका प्रतिनिधि सदस्यहरू हुन् ।

तथ्य सङ्कलनपछि अन्तर्वार्ता तथा अवलोकनबाट प्राप्त सामग्रीलाई लिप्यन्तरण गरी बारम्बार अध्ययन गरिएको छ । त्यसपछि प्राप्त सामग्रीको कोडिङ, वर्गीकरण तथा विषयवस्तु (थिम) निर्माण गरी गुणात्मक विषयवस्तु विश्लेषण (थिमेटिक एनलाइसिस) विधिबाट व्याख्या तथा विश्लेषण गरिएको छ (ब्राउन र क्लार्क, २००६) । अध्ययनमा सहभागीहरूको गोपनीयता र अनुसन्धान नैतिकता कायम गर्न सबै सूचनादातालाई छद्मनाम वा सङ्केतात्मक कोड प्रदान गरिएको छ । नतिजा तथा छलफल खण्डमा ज्येष्ठ समूहका सहभागीलाई J1, J2, J3; युवा समूहलाई Y1, Y2, Y3 तथा बाल समूहलाई B1, B2, B3 का रूपमा उल्लेख गरिएको छ । यी कोडहरू केवल सहभागीको पहिचान गोप्य राख्दै उनीहरूको भनाइ उद्धृत गर्न प्रयोग गरिएका हुन् । भाषाको प्रयोग अवस्था विश्लेषण गर्न निम्न सूचकहरू अपनाइएको छ:

सूचक	विवरण
भाषा हस्तान्तरण	पुस्तागत रूपमा भाषा सिकाउने अभ्यास कत्तिको सक्रिय छ
प्रयोग स्थान	घर, विद्यालय, समाज आदि सन्दर्भमा भाषाको प्रयोग दर
पहिचान भावना	भाषाप्रति गर्व, अपनत्व वा उपेक्षाको अनुभूति
प्रतिस्पर्धी भाषाको प्रभाव	नेपाली र अङ्ग्रेजी भाषाको प्रभाव कत्तिको रहेको छ
भाषिक प्रेरणा वा दबाब	भाषा बोल्न मानिसहरूलाई कस्तो प्रेरणा वा सामाजिक दबाब छ

सैद्धान्तिक अवधारणा

भाषिक जीवन्तताको सैद्धान्तिक आधार

भाषिक जीवन्तता भन्नाले कुनै भाषा वर्तमान समाजमा कति सक्रिय रूपमा प्रयोग भइरहेको छ, नयाँ पुस्तामा कत्तिको हस्तान्तरण भइरहेको छ तथा भविष्यमा त्यसको अस्तित्व कत्तिको सुरक्षित छ भन्ने अवस्थालाई जनाउँछ । भाषाको जीवन्तता मूल्याङ्कन गर्दा वक्ताहरूको संख्या, अन्तरपुस्तागत भाषिक हस्तान्तरण, सामाजिक प्रयोगका क्षेत्र, भाषाप्रतिको सामुदायिक दृष्टिकोण तथा संस्थागत समर्थनलाई प्रमुख सूचकका रूपमा लिने गरिन्छ । भाषिक जीवन्तता तथा भाषिक सङ्कटसम्बन्धी अध्ययनमा फिसम्यान (१९९१) को अन्तरपुस्तागत भाषिक हस्तान्तरणसम्बन्धी अवधारणालाई आधारभूत मानिन्छ । फिसम्यानका अनुसार कुनै भाषाको दीर्घकालीन

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

अस्तित्वको मुख्य आधार त्यसको पुस्तान्तरण प्रक्रिया हो । जब बालबालिकाले मातृभाषा सिक्न छोड्छन् र युवा पुस्तामा भाषाको प्रयोग घट्न थाल्छ, तब उक्त भाषा क्रमशः ह्रासोन्मुख हुँदै सङ्कटग्रस्त अवस्थातर्फ उन्मुख हुन्छ ।

फिसम्यानको यही अवधारणालाई ग्राइम्स (२०००) ले भाषिक जीवन्तताको विश्लेषणमा थप व्यवस्थित रूपमा प्रयोग गरेका छन् । ग्राइम्सका अनुसार भाषाको अवस्था मूल्याङ्कन गर्दा वक्ताहरूको उमेर संरचना, पुस्तागत निरन्तरता तथा दैनिक प्रयोगको अवस्थालाई विशेष महत्त्व दिनुपर्छ । कुनै भाषा ज्येष्ठ पुस्तामा मात्र सीमित रहनु र नयाँ पुस्ताले त्यसलाई मातृभाषाका रूपमा ग्रहण गर्न छोड्नु भाषिक ह्रासको स्पष्ट सङ्केत हो । यसरी फिसम्यान र ग्राइम्स दुवैले भाषाको भविष्य निर्धारणमा अन्तरपुस्तागत हस्तान्तरणलाई केन्द्रीय आधार मानेका छन् । यसै अवधारणालाई अन्तर्राष्ट्रिय स्तरमा संस्थागत रूप दिँदै युनेस्को (२००३) ले भाषिक जीवन्तता तथा भाषिक सङ्कटको मूल्याङ्कनका लागि मानक ढाँचा प्रस्ताव गरेको छ । युनेस्कोका अनुसार भाषाको जीवन्तता मूल्याङ्कन गर्ने सबैभन्दा महत्त्वपूर्ण सूचक बालबालिकामा भाषाको हस्तान्तरण हो । यस आधारमा भाषाहरूलाई सुरक्षित, ह्रासोन्मुख, निश्चित रूपमा सङ्कटग्रस्त, गम्भीर रूपमा सङ्कटग्रस्त, अत्यन्त सङ्कटग्रस्त तथा लोप भएको गरी वर्गीकरण गरिएको छ । जसलाई यसरी पनि देखाउन सकिन्छ ।

भाषिक अवस्था	**मुख्य विशेषता**
सुरक्षित	-सबै पुस्ताले नियमित रूपमा प्रयोग गर्ने र बालबालिकाले मातृभाषाका रूपमा सिक्ने,
ह्रासोन्मुख	-भाषा अझै हस्तान्तरण भइरहे पनि प्रयोगका क्षेत्र क्रमशः सीमित हुँदै जाने,
निश्चित रूपमा सङ्कटग्रस्त	- बालबालिकाले मातृभाषाका रूपमा भाषा सिक्न छोड्ने,
गम्भीर रूपमा सङ्कटग्रस्त	- भाषा मुख्यतः पुराना पुस्ताले मात्र प्रयोग गर्ने,
अत्यन्त सङ्कटग्रस्त	- ज्येष्ठ पुस्ताका सीमित वक्तामा मात्र भाषा जीवित रहने,
लोप भएको	- भाषाको कुनै जीवित वक्ता नरहने,

उपर्युक्त वर्गीकरणले भाषाको वर्तमान अवस्था मात्र नभई भविष्यको सम्भावित दिशालाई पनि सङ्केत गर्दछ । विशेषतः बालबालिकामा भाषिक हस्तान्तरण कमजोर हुनु कुनै भाषा ह्रासोन्मुख वा सङ्कटग्रस्त अवस्थातर्फ उन्मुख भएको प्रमुख सङ्केत मानिन्छ । युनेस्कोको यस ढाँचालाई लुइस र साइमन्स (२०१०) ले भाषाको जीवन्तता मूल्याङ्कनका लागि विकसित गरेको विस्तारित क्रमिक अन्तरपुस्ता अवरोध मापनसूचक (Expanded Graded Intergenerational Disruption Scale: EGIDS) ले थप स्पष्टता प्रदान गरेको छ। यस ढाँचाले भाषाको प्रयोग घरपरिवारमा मात्र सीमित छ वा शिक्षा, सञ्चार, प्रशासन तथा सार्वजनिक जीवनका अन्य क्षेत्रमा समेत विस्तार भएको छ भन्ने पक्षलाई पनि मूल्याङ्कन गर्दछ। EGIDS अनुसार पुस्तान्तरण कमजोर हुँदै जाँदा भाषा क्रमशः जीवन्त अवस्थाबाट ह्रासोन्मुख, सङ्कटग्रस्त र अन्ततः लोपोन्मुख अवस्थातर्फ अग्रसर हुन्छ ।

प्रस्तुत अध्ययनमा धरानस्थित बान्तावा भाषाको प्रयोगावस्था विश्लेषण गर्दा ज्येष्ठ, युवा तथा बाल उमेर समूहबिचको भाषिक प्रयोग, पारिवारिक हस्तान्तरण, सामाजिक प्रयोग क्षेत्र तथा भाषाप्रतिको दृष्टिकोणलाई मुख्य विश्लेषणात्मक आधार बनाइएको छ । अध्ययनबाट प्राप्त तथ्यहरूले बान्तावा भाषा ज्येष्ठ पुस्तामा अपेक्षाकृत जीवन्त रहे पनि युवा पुस्तामा यसको प्रयोग कमजोर बन्दै गएको तथा बालबालिका पुस्तामा मातृभाषागत हस्तान्तरण निरन्तर क्षीण भइरहेको देखाएका छन् । फिसम्यान (१९९१) को भाषिक पुस्तान्तरण सिद्धान्त, ग्राइम्स (२०००) को भाषिक जीवन्तता अवधारणा, युनेस्को (२००३) को भाषिक सङ्कट वर्गीकरण तथा लुइस र साइमन्स (२०१०) को EGIDS ढाँचा लाई यस अध्ययनको सैद्धान्तिक आधारका रूपमा ग्रहण गरिएको छ । त्यसैले प्रस्तुत अध्ययनमा यी सिद्धान्तहरूलाई आधार मानी बान्तावा भाषाको वर्तमान प्रयोगावस्था, पुस्तान्तरणको अवस्था तथा भाषिक जीवन्तताको विश्लेषण गरिएको छ ।

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

सामाजिक–सांस्कृतिक सिद्धान्त

प्रस्तुत अध्ययनको एक सैद्धान्तिक आधार भिगोत्स्की (१९७८) को सामाजिक–सांस्कृतिक सिद्धान्त हो। यस सिद्धान्तअनुसार भाषा केवल सञ्चारको माध्यम मात्र नभई सामाजिक अन्तरक्रिया, सांस्कृतिक अभ्यास तथा सामुदायिक सहभागितामार्फत सिकिने र विकास हुने प्रक्रिया हो। व्यक्तिले आफ्नो परिवार, समुदाय तथा सामाजिक परिवेशसँगको अन्तर्क्रियाबाट भाषा आर्जन गर्दछ। त्यसैले कुनै भाषाको प्रयोग, सिकाइ र हस्तान्तरण सामाजिक वातावरणसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ। भिगोत्स्कीका अनुसार भाषिक सिकाइ सामाजिक सम्बन्धभित्र हुने भएकाले परिवार तथा समुदायमा भाषाको प्रयोग घट्दै जाँदा त्यसको पुस्तान्तरण प्रक्रिया पनि कमजोर बन्दै जान्छ। यस अध्ययनमा बान्तावा भाषाको प्रयोग, पारिवारिक हस्तान्तरण तथा सामाजिक अन्तरक्रियाको अवस्थालाई विश्लेषण गर्न सामाजिक–सांस्कृतिक सिद्धान्तलाई आधार बनाइएको छ।

नतिजा र विश्लेषण

यस अध्ययनबाट प्राप्त तथ्यहरूलाई विषयवस्तुगत विश्लेषणका आधारमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ। सहभागीहरूका अनुभव, धारणा तथा भाषिक व्यवहारबाट प्राप्त सूचनाहरूको विश्लेषण गर्दा बान्तावा भाषाको वर्तमान प्रयोग अवस्था, भाषिक पुस्तान्तरण, भाषा प्रयोगका क्षेत्र, भाषाप्रतिको भावनात्मक सम्बन्ध तथा पहिचान, प्रतिस्पर्धी भाषाको प्रभाव र भाषिक प्रेरणा तथा सामाजिक दबाबजस्ता प्रमुख विषयवस्तुहरू पहिचान भएका छन्। प्रस्तुत खण्डमा यी विषयवस्तुहरूलाई सहभागीहरूको अभिव्यक्ति, अनुसन्धानका तथ्य तथा सम्बन्धित सैद्धान्तिक अवधारणासँग जोडेर विश्लेषण गरिएको छ। यस प्रक्रियाबाट धरानमा बान्तावा भाषाको वर्तमान अवस्था, भाषिक जीवन्तता तथा भविष्यका सम्भावित चुनौतीहरूलाई स्पष्ट रूपमा बुझ्ने प्रयास गरिएको छ।

धरानमा बान्तावा भाषाको वर्तमान प्रयोग अवस्था

धरान उपमहानगरपालिका कोशी प्रदेशको सुनसरी जिल्लामा अवस्थित बहुभाषिक तथा बहुसांस्कृतिक सहर हो। राष्ट्रिय जनगणना २०७८ अनुसार धरानमा ६१ वटा मातृभाषाहरू बोलिन्छन्, जसले यसको भाषिक विविधतालाई प्रतिबिम्बित गर्दछ। बान्तावा भाषा राई समूहका भाषाहरूमध्ये सबैभन्दा बढी वक्ता भएको भाषाका रूपमा सूचीकृत छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा बान्तावा भाषाका कुल १,३८,००३ (०.४७%) मातृभाषी वक्ताहरू रहेका छन् भने २०६८ को जनगणनामा यो सङ्ख्या १,३२,५८३ (०.५०%) थियो। यसले २०७८ सम्म आइपुग्दा बान्तावा भाषी वक्ताको सङ्ख्या ५,४२० ले वृद्धि भएको देखिए पनि कुल जनसङ्ख्यामा यसको प्रतिशत हिस्सा ०.५० बाट ०.४७ मा घटेको पाइन्छ। यसले भाषाको जनसांख्यिक उपस्थिति स्थिर रहे पनि यसको भाषिक जीवन्तता र अन्तरपुस्तीय प्रयोग अवस्थाबारे थप अध्ययन आवश्यक रहेको सङ्केत गर्दछ।

बान्तावा भाषाको प्रयोग विशेषतः भोजपुर, खोटाङ, उदयपुर र सुनसरी जिल्लामा केन्द्रित रहेको पाइन्छ। यीमध्ये भोजपुरलाई बान्तावा भाषी समुदायको प्रमुख ऐतिहासिक तथा भाषिक केन्द्रका रूपमा लिइन्छ। दिलपाली, हतुवाली, अम्चोके र धनकुटेजस्ता भाषिकाहरू रहेको यो भाषा राई समूहका भाषामध्ये विकसित र समृद्ध भाषाका रूपमा परिचित छ। पछिल्ला वर्षहरूमा मातृभाषा शिक्षाअन्तर्गत केही विद्यालयहरूमा यसको पठनपाठन, पत्रिका प्रकाशन, साहित्य सिर्जना तथा व्याकरण लेखनका कार्यहरू पनि भएका छन् (न्यौपाने, सन् २०२४)। जनगणना २०७८ अनुसार कोशी प्रदेशमा १,३३,७४५ जना बान्तावा भाषी वक्ता रहेका छन्, जुन नेपालका कुल बान्तावा भाषीहरूको ९६.९१ प्रतिशत हो। सुनसरी जिल्लामा १७,०५० तथा धरान उपमहानगरपालिकामा १०,२२९ जना बान्तावा भाषी वक्ताहरू रहेका छन्। यस आधारमा नेपालका कुल बान्तावा भाषीहरूमध्ये करिब ७.४१ प्रतिशत वक्ता धरानमा बसोबास गर्दछन्। यसले धरानलाई बान्तावा भाषीहरूको महत्त्वपूर्ण सहरी बसोबास क्षेत्रका रूपमा स्थापित गर्दछ।

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।

यद्यपि वक्ताहरूको सङ्ख्या उल्लेखनीय रहे पनि भाषाको वास्तविक प्रयोग अवस्था सबै उमेर समूहमा समान रूपमा देखिँदैन। अध्ययनहरू तथा प्रस्तुत अनुसन्धानका तथ्यहरूले ज्येष्ठ पुस्तामा बान्तावा भाषाको प्रयोग अपेक्षाकृत सशक्त रहेको तर युवा तथा बाल पुस्तामा नेपाली भाषाको प्रयोग बढ्दो क्रममा रहेको देखाउँछन्। शिक्षा, प्रशासन, सञ्चार तथा सार्वजनिक जीवनका अधिकांश क्षेत्रमा नेपाली भाषाको प्रभुत्व रहेकाले बान्तावा भाषाको प्रयोग मुख्यतः घरपरिवार, सांस्कृतिक अनुष्ठान तथा सामुदायिक सन्दर्भमा सीमित हुँदै गएको पाइन्छ। धरानको सहरी परिवेश, बढ्दो भाषिक अन्तरक्रिया, औपचारिक शिक्षामा नेपाली तथा अङ्ग्रेजी भाषाको प्रभाव र बदलिँदो सामाजिक प्राथमिकताले भाषिक पुस्तान्तरण प्रक्रियालाई प्रभावित गरेको देखिन्छ। यसरी हेर्दा धरानमा बान्तावा भाषा अझै समुदायको सांस्कृतिक तथा भाषिक पहिचानको महत्त्वपूर्ण आधारका रूपमा विद्यमान रहे पनि यसको प्रयोग क्षेत्र क्रमशः साँघुरिँदै गएको देखिन्छ। त्यसैले भाषाको दीर्घकालीन जीवन्तता सुनिश्चित गर्न पारिवारिक हस्तान्तरण, सामुदायिक प्रयोग तथा संस्थागत समर्थनलाई थप सुदृढ बनाउनु आवश्यक देखिन्छ।

भाषिक पुस्तान्तरण

अध्ययनबाट प्राप्त तथ्यहरूले धरानस्थित बान्तावा भाषाको अन्तरपुस्तागत हस्तान्तरण क्रमशः कमजोर बन्दै गएको देखाउँछन्। ज्येष्ठ पुस्तामा भाषा दैनिक जीवन, पारिवारिक सम्बन्ध, सामुदायिक व्यवहार तथा सांस्कृतिक अभ्यासको स्वाभाविक माध्यमका रूपमा रहेको पाइयो भने युवा तथा बाल पुस्तामा यसको प्रयोग सीमित र अस्थिर बन्दै गएको देखिन्छ। सहभागीहरूको अनुभवले अघिल्लो पुस्ताले भाषा औपचारिक शिक्षामार्फत नभई परिवार, समुदाय, श्रम, संस्कार तथा दैनिक सामाजिक अन्तरक्रियाबाट सहज रूपमा आर्जन गरेको देखाउँछ। तर सहरीकरण, औपचारिक शिक्षा, पारिवारिक संरचनामा आएको परिवर्तन तथा नेपाली र अङ्ग्रेजी भाषाको बढ्दो प्रभावका कारण बान्तावा भाषाको पुस्तान्तरण प्रक्रिया कमजोर बन्दै गएको अवस्था देखिन्छ।

ज्येष्ठ पुस्ताका सहभागीहरूमा मातृभाषाप्रतिको आत्मीयता र प्रतिबद्धता अझै बलियो रहेको पाइयो। उनीहरूले बान्तावा भाषालाई आफ्नो सांस्कृतिक पहिचान, पारिवारिक परम्परा तथा सामुदायिक जीवनको आधारका रूपमा व्याख्या गरेका छन्। एक ज्येष्ठ सहभागी (J1, ६५ वर्ष) ले भने, "हामीले त बान्तावा भाषा घरमै बुबा–आमाबाट सिकेका हौँ, पढेर होइन। गाउँघरमा सबैले बान्तावा नै बोल्थे। अहिले पनि हामी त बोल्छौँ तर नातिनातिनीहरूले बुझे पनि नेपालीमै फर्काउँछन्।" त्यस्तै अर्की सहभागी (J2, ५५ वर्ष) ले "हामी बच्चा हुँदा सबैले बान्तावा नै बोल्थे, अहिले त घरमै पनि कम सुनिन्छ" भन्ने धारणा व्यक्त गरिन्। यी अभिव्यक्तिहरूले ज्येष्ठ पुस्ताको समयमा भाषिक वातावरण सशक्त र स्वाभाविक रहेको तर वर्तमानमा त्यसको निरन्तरता कमजोर बन्दै गएको सङ्केत गर्दछन्। विशेषतः परिवार र समुदायभित्र नेपाली भाषाको बढ्दो प्रयोगले बान्तावा भाषाको परम्परागत हस्तान्तरण प्रणालीलाई प्रभावित गरेको देखिन्छ।

युवा पुस्ताका अनुभवहरूले मातृभाषाप्रतिको भावनात्मक लगाव र व्यावहारिक प्रयोगबिचको अन्तरलाई उजागर गर्छन्। अधिकांश सहभागीहरूले आफ्ना सन्तानलाई बान्तावा भाषा सिकाउन चाहेको बताए पनि त्यसका लागि आवश्यक भाषिक वातावरण, समय तथा अभ्यासको अभाव रहेको स्वीकार गरेका छन्। एक युवा सहभागी (Y1, ४० वर्ष) का अनुसार, "बच्चाहरूलाई सिकाउन समय नै छैन। स्कूलमा नेपाली र अङ्ग्रेजी मात्रै पढाइ हुन्छ। त्यसैले उनीहरूलाई बान्तावामा चासो पनि कम हुन्छ।" यस भनाइले विद्यालय शिक्षाको भाषिक संरचनाले मातृभाषा पुस्तान्तरणमा प्रत्यक्ष प्रभाव पारेको देखाउँछ। घरभित्र पनि नेपाली भाषाको प्रयोग बढ्दै जाँदा बालबालिकाले बान्तावा भाषासँग नियमित सम्पर्क पाउने अवसर गुमाउँदै गएका छन्। अर्की सहभागी (Y2, ३८ वर्ष) ले "सिकाउन खोजे पनि उनीहरू नेपालीमै बोल्न खोज्छन्" भन्ने अनुभव व्यक्त गरिन्। अझ महत्त्वपूर्ण कुरा, केही युवा सहभागीहरू आफैँ मातृभाषामा पूर्ण दक्ष नरहेको पाइयो। एक सहभागी (Y3, ३५ वर्ष) ले "मलाई नै राम्रोसँग आउँदैन, बच्चालाई के सिकाउनु?" भने। यसबाट भाषिक हस्तान्तरणको समस्या केवल बालबालिकामा

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।

मात्र सीमित नभई अभिभावक पुस्तासम्म फैलिएको देखिन्छ । जब अभिभावक पुस्तामा भाषिक दक्षता र आत्मविश्वास कमजोर हुन्छ, तब पुस्तान्तरणको प्रक्रिया स्वाभाविक रूपमा अवरुद्ध हुन पुग्छ ।

बालबालिका तथा किशोर पुस्ताका अनुभवहरूले बान्तावा भाषाको वर्तमान अवस्थालाई अझ स्पष्ट बनाउँछन् । उनीहरूको दैनिक जीवनमा बान्तावा भाषाको प्रयोग अत्यन्त न्यून रहेको पाइयो । भाषा उनीहरूका लागि नियमित सञ्चारको माध्यमभन्दा बढी सांस्कृतिक वा पारिवारिक सन्दर्भमा सीमित रहेको देखिन्छ । एक किशोरी सहभागी (B1, १९ वर्ष) ले "बोल्न आउँदैन, केही बुझ्छु तर प्रयोग गर्दिन" भनिन् । त्यस्तै एक विद्यार्थी सहभागी (B2, १३ वर्ष) का अनुसार "बान्तावा त पूजा गर्दा प्रयोग हुन्छ, साथीहरूसँग त नेपालीमै बोलिन्छ ।" अर्की किशोरी सहभागी (B3, १५ वर्ष) ले "हजुरआमासँग कहिलेकाहीँ बोलिन्छ, साथीहरूले बुझ्दैनन्" भन्ने धारणा व्यक्त गरिन् । यी अभिव्यक्तिहरूले बालबालिकामा भाषाको प्रयोग क्षेत्र अत्यन्त सीमित हुँदै गएको र भाषा दैनिक व्यवहारको साधनभन्दा सांस्कृतिक अवसरमा प्रयोग हुने भाषाका रूपमा रूपान्तरित हुँदै गएको सङ्केत गर्दछन् ।

समग्र तथ्यहरूको विश्लेषण गर्दा बान्तावा भाषाको अन्तरपुस्तागत हस्तान्तरण क्रमशः कमजोर बन्दै गएको निष्कर्ष प्राप्त हुन्छ । ज्येष्ठ पुस्तामा भाषा अपेक्षाकृत जीवन्त रहे पनि युवा पुस्तामा यसको प्रयोग सीमित बन्दै गएको तथा बालबालिकामा मातृभाषागत हस्तान्तरण उल्लेखनीय रूपमा घटेको देखिन्छ । ग्राइम्स (२०००) का अनुसार कुनै भाषाको जीवन्तता मूल्याङ्कन गर्दा वक्ताहरूको उमेर संरचना र अन्तरपुस्तागत हस्तान्तरणलाई प्रमुख आधार मानिन्छ । नयाँ पुस्ताले मातृभाषा सिक्न छोड्नु भाषिक ह्रासको महत्त्वपूर्ण सूचक हो । प्रस्तुत अध्ययनका तथ्यहरूले बान्तावा भाषामा यही अवस्था विकसित हुँदै गएको देखाउँछन् । त्यसैगरी भिगोत्स्की (१९७८) को सामाजिक–सांस्कृतिक सिद्धान्तअनुसार भाषा सामाजिक अन्तरक्रिया र सांस्कृतिक अभ्यासमार्फत सिकिने भएकाले परिवार र समुदायमा भाषाको प्रयोग घट्दै जाँदा त्यसको हस्तान्तरण प्रक्रिया पनि कमजोर बन्दै जान्छ । धरानको बहुभाषिक तथा सहरी परिवेशमा बान्तावा भाषाको सीमित सामाजिक प्रयोगले भाषिक पुस्तान्तरणलाई थप कमजोर बनाएको देखिन्छ । यस आधारमा बान्तावा भाषा हाल सुरक्षित अवस्थाबाट तल झरेर ह्रासोन्मुख अवस्थामार्फत सङ्कटग्रस्त अवस्थातर्फ उन्मुख भइरहेको भाषाका रूपमा देखिन्छ । यदि परिवार, समुदाय र विद्यालय तहबाट मातृभाषाको प्रयोग र हस्तान्तरणलाई प्रोत्साहन गर्ने प्रभावकारी पहलहरू गरिएनन् भने भविष्यमा बान्तावा भाषा दैनिक प्रयोगबाट क्रमशः विस्थापित भई सांस्कृतिक प्रतीकका रूपमा मात्र सीमित हुने सम्भावना देखिन्छ ।

भाषा प्रयोगका क्षेत्र

अध्ययनबाट प्राप्त तथ्यहरूले धरानस्थित बान्तावा भाषी समुदायमा बान्तावा भाषाको प्रयोग क्षेत्र क्रमशः साँघुरिँदै गएको देखाउँछन् । भाषाको जीवन्तता केवल वक्ताको सङ्ख्याले मात्र निर्धारण हुँदैन, त्यो भाषा दैनिक जीवनका कति क्षेत्रहरूमा प्रयोग भइरहेको छ भन्ने पक्षले पनि निर्धारण गर्छ । कुनै भाषा घरपरिवार, सामाजिक सम्बन्ध, सांस्कृतिक अभ्यास, श्रम, व्यापार, शिक्षा तथा सार्वजनिक जीवनमा निरन्तर प्रयोग हुँदा मात्र व्यावहारिक रूपमा जीवन्त रहन्छ । तर अध्ययनका क्रममा प्राप्त अनुभवहरूले बान्तावा भाषाको प्रयोग अहिले मुख्यतः पारिवारिक संवाद र धार्मिक–सांस्कृतिक सन्दर्भमा सीमित हुँदै गएको अवस्था देखाउँछन् । ज्येष्ठ पुस्ताका सहभागीहरूले आफ्नो बाल्यकालको भाषिक परिवेश सम्झँदै अहिलेको अवस्थाप्रति चिन्ता व्यक्त गरेका छन् । उनीहरूका अनुसार बान्तावा भाषा विगतमा दैनिक जीवनको स्वाभाविक सञ्चार माध्यम थियो । एक ज्येष्ठ सहभागी (J1, ६५ वर्ष) ले भने, "पहिले त जहाँ गए पनि आफ्नै भाषा सुनिन्थ्यो । घर, गाउँ, मेलापात, कामकाज सबै बान्तावामै चल्थ्यो। अहिले त कुलपूजा, पितृकार्य र मृत्यु संस्कारजस्ता बेला मात्रै बढी सुनिन्छ ।" अर्का सहभागी (J3, ५८ वर्ष) ले "आफन्तहरू आए भने अलिअलि बोलिन्छ, नत्र त दिनभर नेपालीमै चल्छ" भन्ने अनुभव व्यक्त गरे । त्यसैगरी अर्की सहभागी (J2, ५५ वर्ष) ले "पहिले बजार, चौतारी र गाउँको जमघटमा बान्तावा नै सुनिन्थ्यो, अहिले त पूजापाठ र संस्कारबाहेक कमै सुनिन्छ" भनिन् । यी अनुभवहरूले बान्तावा भाषाको प्रयोग सामाजिक व्यवहारको

मूल माध्यमबाट हटेर क्रमशः संस्कारजन्य तथा प्रतीकात्मक प्रयोगमा सीमित हुँदै गएको देखाउँछन् । युवा पुस्ताका सहभागीहरूमा पनि भाषाको प्रयोग क्षेत्र सीमित बन्दै गएको अनुभव पाइयो । यद्यपि उनीहरूमा मातृभाषाप्रतिको भावनात्मक सम्बन्ध देखिए पनि व्यावहारिक प्रयोग भने न्यून रहेको छ । एक सहभागी (Y1, ४० वर्ष) ले "बुढाबुढी भएका बेला मात्रै बोलिन्छ, बच्चाहरूले पनि नेपालीमै जवाफ दिन्छन्" भनिन् । अर्की सहभागी (Y2, ३७ वर्ष) ले "बोल्ने ठाउँ नै छैन । घरमा नेपाली, बाहिर पनि नेपाली" भन्ने अनुभव व्यक्त गरिन् । त्यस्तै एक सहभागी (Y3, ३५ वर्ष) ले "साथीहरू बान्तावा बोल्दैनन् । काम गर्ने ठाउँमा पनि नेपाली नै चल्छ" भने । यी अनुभवहरूले बान्तावा भाषाको प्रयोग घरभित्र समेत निरन्तर कमजोर बन्दै गएको र विद्यालय, कार्यक्षेत्र तथा सामाजिक अन्तरक्रियामा नेपाली भाषाको प्रभुत्व स्थापित भइसकेको देखाउँछन् । नियमित प्रयोगको अभावले भाषिक आत्मविश्वास र प्रयोग दक्षता दुवै कमजोर बन्दै गएको अवस्था यहाँ स्पष्ट देखिन्छ ।

बालबालिका तथा किशोर पुस्ताका अनुभवहरूले भाषाको प्रयोग क्षेत्र अझ बढी सङ्कुचित भएको सङ्केत गर्दछन् । उनीहरूका लागि बान्तावा भाषा दैनिक व्यवहारको स्वाभाविक माध्यम बन्न सकेको छैन । एक किशोरी सहभागी (B1, १९ वर्ष) ले "बोल्दा गल्ती हुन्छ कि भन्ने डर लाग्छ, त्यसैले नेपालीमै बोल्न सजिलो हुन्छ" भनिन् । अर्की सहभागी (B2, १३ वर्ष) ले "हजुरआमासँग कहिलेकाहीँ बोलिन्छ, तर साथीहरूसँग त नेपाली नै बोलिन्छ" भन्ने धारणा व्यक्त गरिन् । त्यस्तै एक किशोर सहभागी (B3, १५ वर्ष) ले "स्कुलमा बान्तावा बोल्ने कोही हुँदैन, त्यसैले हामी पनि नेपालीमै बोल्छौँ" भने । यी अनुभवहरूले बान्तावा भाषा बालबालिकाको सामाजिक संसारबाट क्रमशः बाहिरिँदै गएको र यसको प्रयोग पारिवारिक तथा सांस्कृतिक सन्दर्भमा मात्र सीमित बन्दै गएको देखाउँछन् ।

समग्र तथ्यहरूको विश्लेषण गर्दा बान्तावा भाषाको प्रयोग क्षेत्र मुख्यतः घरपरिवार, ज्येष्ठ सदस्यहरूसँगको अन्तरक्रिया तथा धार्मिक–सांस्कृतिक सन्दर्भसम्म सीमित हुँदै गएको देखिन्छ । शिक्षा, सार्वजनिक जीवन, व्यावसायिक क्षेत्र, साथीभाइको अन्तरक्रिया तथा डिजिटल सञ्चारमा नेपाली भाषाको प्रभुत्व रहेको पाइयो । ग्राइम्स (२०००) का अनुसार भाषाको प्रयोग क्षेत्र क्रमशः साँघुरिँदै जानु भाषिक जीवन्तता कमजोर बन्दै गएको महत्त्वपूर्ण सूचक हो । प्रस्तुत अध्ययनका तथ्यहरूले पनि बान्तावा भाषाको प्रयोग व्यापक सामाजिक क्षेत्रबाट खुम्चिएर सीमित सांस्कृतिक तथा पारिवारिक सन्दर्भमा केन्द्रित हुँदै गएको देखाउँछन् ।

युनेस्को (२००३) ले भाषिक जीवन्तताको मूल्याङ्कनमा अन्तरपुस्तागत हस्तान्तरणसँगै प्रयोगका क्षेत्रलाई पनि महत्त्वपूर्ण आधार मानेको छ । त्यसैगरी लुइस र साइमन्स (२०१०) को विस्तारित अन्तरपुस्तागत भाषिक अवरोध मापनसूचक (EGIDS) अनुसार कुनै भाषा सीमित पारिवारिक वा सामुदायिक प्रयोगमा खुम्चिँदै जानु भाषिक ह्रासको सङ्केत हो । अध्ययनबाट प्राप्त तथ्यहरूले बान्तावा भाषाको प्रयोग पनि यस्तै अवस्थातर्फ उन्मुख रहेको देखाउँछन् । भिगोत्स्की (१९७८) को सामाजिक–सांस्कृतिक सिद्धान्तअनुसार भाषा सामाजिक अन्तरक्रिया र सांस्कृतिक अभ्याससमार्फत सिकिन्छ । तर अध्ययन क्षेत्रका युवा तथा बालबालिकाले विद्यालय, साथीभाइ, सार्वजनिक जीवन र सञ्चार माध्यममा बान्तावा भाषा प्रयोग गर्ने पर्याप्त अवसर प्राप्त गर्न सकेका छैनन् । परिणामस्वरूप भाषिक अभ्यास र भाषिक दक्षता दुवै कमजोर बन्दै गएको देखिन्छ ।

यसरी हेर्दा बान्तावा भाषाको चुनौती केवल भाषिक नभई सामाजिक तथा सांस्कृतिक प्रकृतिको पनि देखिन्छ । यदि भाषालाई घरपरिवार, विद्यालय र सामुदायिक गतिविधिसँग पुनः प्रभावकारी रूपमा जोड्न सकिएन भने यसको प्रयोग क्षेत्र अझ साँघुरिने सम्भावना रहन्छ । त्यसैले मातृभाषाको संरक्षण तथा प्रवर्द्धनका लागि भाषालाई जीवनका विविध व्यावहारिक क्षेत्रमा सक्रिय बनाउने शैक्षिक, सामाजिक र सामुदायिक पहल आवश्यक देखिन्छ ।

भाषाप्रतिको भावनात्मक सम्बन्ध र पहिचानबोध

भाषा केवल सञ्चारको माध्यम मात्र होइन, समुदायको ऐतिहासिक स्मृति, सांस्कृतिक निरन्तरता तथा सामूहिक पहिचानको आधार पनि हो । कुनै समुदायले आफ्नो भाषा मार्फत आफूलाई चिन्ने, आफ्नो इतिहास सम्झने तथा सांस्कृतिक अस्तित्वलाई निरन्तरता दिने गर्दछ । अध्ययनका क्रममा बान्तावा भाषी सहभागीहरूले पनि बान्तावा भाषालाई आफ्नो जातीय पहिचान, संस्कार तथा आत्मीय सम्बन्धसँग गहिरो रूपमा जोडिएको बताएका छन् । यद्यपि भाषाप्रतिको भावनात्मक सम्बन्ध बलियो भए पनि यसको व्यावहारिक प्रयोग क्रमशः कमजोर हुँदै जाँदा उक्त सम्बन्धमा द्वन्द्व र असहजता देखिन थालेको पाइयो । विशेषतः सामाजिक स्वीकृतिको कमी, प्रयोगका सीमित अवसर तथा सहरी परिवेशको प्रभावका कारण भाषाप्रतिको गर्व व्यवहारमा खुला रूपमा अभिव्यक्त हुन नसकेको अवस्था देखिन्छ ।

ज्येष्ठ पुस्ताका सहभागीहरूमा बान्तावा भाषाप्रति गहिरो आत्मीयता, गर्व र अस्तित्वबोध पाइन्छ । उनीहरूले भाषालाई केवल बोलिचालिको माध्यमका रूपमा नभई आफ्नो समुदायको पहिचान तथा सांस्कृतिक निरन्तरताको आधारका रूपमा बुझेका छन् । एक ज्येष्ठ सहभागी (J1, ६५ वर्ष) ले भने, "बान्तावा बोल्दा आफ्नै मान्छे भेटेजस्तो लाग्छ। भाषा सुन्दा नै आफ्नोपन आउँछ। अहिले बच्चाहरूले कम बोल्न थालेपछि मन खिन्न हुन्छ । हामीपछि यो भाषा हरायो भने हाम्रो चिनारी के बाँकी रहला जस्तो लाग्छ ।" यस भनाइले भाषासँग जोडिएको भावनात्मक गहिराइ मात्र होइन, भाषाको भविष्यप्रतिको चिन्ता पनि स्पष्ट रूपमा देखाउँछ । अर्की सहभागी (J2, ५५ वर्ष) ले भनिन्, "यो हाम्रो संस्कारसँग जोडिएको भाषा हो । हामीले नै नबोले अबका बच्चाहरूले कसरी सम्झिने ? अहिले त आफ्नै घरमा पनि नेपाली बढी चल्न थाल्यो ।" यी अनुभवहरूले ज्येष्ठ पुस्तामा मातृभाषाप्रतिको आत्मीयता र जिम्मेवारीबोध अझै बलियो रहेको देखाउँछन् । उनीहरूका लागि भाषा समुदायको अस्तित्व र सांस्कृतिक निरन्तरताको प्रतीक बनेको छ ।

युवा पुस्ताका सहभागीहरूमा भाषाप्रतिको भावनात्मक सम्बन्ध कायम रहेको देखिए पनि व्यावहारिक प्रयोग र सामाजिक वास्तविकताबिच द्वन्द्व पाइन्छ । उनीहरू भाषालाई आफ्नो पहिचानको अङ्ग ठान्छन्, तर सार्वजनिक रूपमा प्रयोग गर्दा असहजता र एक्लोपनको अनुभव गर्ने गरेको बताउँछन् । एक सहभागी (Y1, ४० वर्ष) ले भनिन्, "गर्व त लाग्छ कि यो हाम्रो भाषा हो । तर बोल्दा अरूले नबुझेपछि असजिलो लाग्छ। विस्तारै आफैँ पनि कम बोल्न थालिन्छ ।" अर्का सहभागी (Y2, ३७ वर्ष) ले भने, "कहिलेकाहीँ बान्तावा बोल्न मन लाग्छ । आफ्नै भाषा हो भन्ने भावना त हुन्छ । तर साथ दिने मान्छे नै भेटिन्न ।" यस्तै एक सहभागी (Y3, ३५ वर्ष) ले मातृभाषाप्रतिको सम्मान कायम रहे पनि व्यवहारमा प्रयोग गर्न कठिन हुँदै गएको अनुभव व्यक्त गरे । यी अभिव्यक्तिहरूले युवा पुस्तामा भाषिक गर्व कायम भए पनि सामाजिक व्यवहारमा त्यसको प्रयोग क्रमशः कमजोर हुँदै गएको अवस्था देखाउँछन् । भाषाप्रतिको आत्मीयता र भाषिक व्यवहारबिच दूरी बढ्दै गएको तथ्य यहाँ स्पष्ट हुन्छ ।

बालबालिका तथा किशोर पुस्तामा भने भाषाप्रतिको भावनात्मक सम्बन्ध तुलनात्मक रूपमा कमजोर र अस्थिर देखिन्छ । उनीहरूको अनुभवमा भाषा पहिचानभन्दा बढी सामाजिक असहजता र संकोचसँग जोडिएको पाइयो । एक किशोरी सहभागी (B1, १९ वर्ष) ले भनिन्, "घरमा कहिलेकाहीँ सुन्छु, अलिअलि बुझ्छु पनि । तर बोल्न खोज्दा लाज लाग्छ । साथीहरूले हाँस्छन् कि भन्ने डर हुन्छ ।" अर्का सहभागी (B2, १३ वर्ष) ले "स्कुलमा कसैले बान्तावा बोल्दैन, मैले बोले भने जिस्काउँछन् जस्तो लाग्छ" भन्ने अनुभव व्यक्त गरे। त्यस्तै एक किशोर सहभागी (B3, १५ वर्ष) ले "साथीहरूसँग त नेपाली नै बोलिन्छ, बान्तावा बोल्ने बानी नै छैन" भने । यी अनुभवहरूले नयाँ पुस्तामा मातृभाषाप्रतिको आत्मविश्वास कमजोर बन्दै गएको तथा भाषिक पहिचान सामाजिक व्यवहारमा सक्रिय रूपमा अभिव्यक्त हुन नसकेको अवस्था देखाउँछन् । परिणामस्वरूप गर्वको भावनाभन्दा संकोच र दूरीको भावना बलियो बन्दै गएको पाइयो ।

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

समग्र तथ्यहरूको विश्लेषण गर्दा बान्तावा भाषाप्रतिको भावनात्मक सम्बन्ध तीनै पुस्तामा फरक स्वरूपमा विद्यमान रहेको देखिन्छ । ज्येष्ठ पुस्तामा भाषा अस्तित्व, संस्कार र सामुदायिक पहिचानसँग प्रत्यक्ष रूपमा जोडिएको छ भने युवा पुस्तामा भाषिक गर्व र व्यावहारिक प्रयोगबिच द्वन्द्व देखिन्छ। बालबालिका तथा किशोर पुस्तामा भने भाषिक आत्मीयता क्रमशः कमजोर बन्दै सामाजिक संकोचको अवस्था विकसित भइरहेको पाइन्छ । ग्राइम्स (२०००) र युनेस्को (२००३) का अनुसार भाषाप्रतिको सामुदायिक अपनत्व तथा सकारात्मक दृष्टिकोण भाषिक जीवन्तताका महत्त्वपूर्ण आधार हुन् । अध्ययनका तथ्यहरूले बान्तावा भाषाप्रतिको आत्मीयता अझै कायम रहेको देखाए पनि यसको व्यावहारिक प्रयोग र सामाजिक समर्थन कमजोर बन्दै गएको सङ्केत गर्छन् । त्यसै गरी विस्तारित क्रमिक अन्तरपुस्ता भाषिक अवरोध मापनसूचक (EGIDS) अनुसार भाषाको प्रयोग र सामाजिक प्रतिबद्धता घट्दै जाँदा भाषिक निरन्तरतामा अवरोध उत्पन्न हुन्छ, जुन अवस्था बान्तावा भाषामा पनि देखिन थालेको छ । भिगोत्स्की (१९७८) का अनुसार भाषा र पहिचान सामाजिक अन्तरक्रियामार्फत निर्माण हुन्छन् । तर युवा तथा बालबालिका पुस्ताले मातृभाषा प्रयोग गर्ने पर्याप्त सामाजिक वातावरण प्राप्त गर्न नसकेकाले भाषिक आत्मविश्वास कमजोर बन्दै गएको देखिन्छ । फिसम्यान (१९९१) ले पनि भाषाको दीर्घकालीन अस्तित्वका लागि भावनात्मक प्रतिबद्धता व्यावहारिक प्रयोग र अन्तरपुस्तीय हस्तान्तरणमा रूपान्तरित हुनुपर्ने बताएका छन् । यसरी हेर्दा बान्तावा भाषाप्रतिको भावनात्मक सम्बन्ध अझै जीवित रहे पनि त्यसको व्यावहारिक आधार कमजोर बन्दै गएको देखिन्छ । त्यसैले मातृभाषाको संरक्षण भाषिक अभ्यासको मात्र विषय नभई समुदायको आत्मसम्मान, सांस्कृतिक निरन्तरता र पहिचान संरक्षणसँग जोडिएको प्रश्नका रूपमा बुझिन आवश्यक छ ।

प्रतिस्पर्धी भाषाको प्रभाव

बहुभाषिक तथा सहरी परिवेशमा कुनै पनि भाषाको अवस्था त्यसले अन्य प्रभावशाली भाषासँग कसरी सहअस्तित्व कायम गरिरहेको छ भन्ने कुरासँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । अध्ययनका क्रममा प्राप्त तथ्यहरूले धरान क्षेत्रका बान्तावा भाषी समुदायमा नेपाली र अङ्ग्रेजी भाषाको प्रभाव अत्यन्त बलियो रहेको देखाउँछन् । विद्यालय शिक्षा, प्रशासनिक कामकाज, सञ्चार माध्यम, सामाजिक सञ्जाल, रोजगारी तथा सार्वजनिक अन्तरक्रियामा नेपाली र अङ्ग्रेजी भाषाको प्रयोग व्यापक बन्दै जाँदा बान्तावा भाषाको व्यावहारिक प्रयोग क्रमशः सीमित हुँदै गएको अवस्था पाइयो । विशेषतः नयाँ पुस्ताले अवसर, आधुनिकता र सामाजिक प्रतिष्ठासँग नेपाली तथा अङ्ग्रेजी भाषालाई जोडेर हेर्न थालेपछि मातृभाषाप्रति दूरी बढ्दै गएको देखिन्छ ।

ज्येष्ठ पुस्ताका सहभागीहरूले वर्तमान भाषिक परिवर्तनलाई चिन्ता र पीडासँग अनुभव गरेका छन् । उनीहरूका अनुसार बान्तावा भाषा विगतमा सामाजिक जीवनको स्वाभाविक सञ्चार माध्यम थियो, तर अहिले नयाँ पुस्ताको भाषिक प्राथमिकता परिवर्तन हुँदै गएको छ । एक ज्येष्ठ सहभागी (J1, ६५ वर्ष) ले भने, "हामी त बान्तावामै हुर्कियौँ । घर, गाउँ, मेलापात सबै आफ्नै भाषामा चल्थ्यो । अहिलेका बच्चाहरू अङ्ग्रेजी बोल्न सके राम्रो भन्ने सोच राख्छन् । आफ्नै भाषा बोल्नुपर्छ भन्ने भावना पहिले जस्तो देखिँदैन ।" यस भनाइले पुस्तागत भाषिक दृष्टिकोणमा आएको परिवर्तनलाई स्पष्ट रूपमा देखाउँछ । अघिल्लो पुस्ताले मातृभाषालाई सम्बन्ध, संस्कार र सामुदायिक जीवनसँग जोडेर अनुभव गरे पनि नयाँ पुस्ताले त्यसलाई आधुनिक अवसरसँग प्रत्यक्ष रूपमा जोड्न सकेको देखिँदैन । अर्की सहभागी (J2, ५५ वर्ष) ले भनिन्, "स्कुलमा सबै नेपाली र अङ्ग्रेजी मात्रै हुन्छ । बान्तावा कतै सुनिँदैन । बच्चाहरूले पढाइको भाषा नै ठूलो भाषा हो भन्ने बुझ्न थालेका छन् ।" यस अभिव्यक्तिले शिक्षा प्रणालीले भाषिक दृष्टिकोण निर्माणमा खेलेको प्रभावलाई उजागर गर्छ। विद्यालयमा मातृभाषाको उपस्थिति न्यून हुँदा बालबालिकाले त्यसलाई सीमित प्रयोगको भाषा तथा नेपाली र अङ्ग्रेजीलाई अवसर र सफलतासँग जोडिएको भाषाका रूपमा बुझ्न थालेको अवस्था देखिन्छ । ज्येष्ठ पुस्ताका अनुभवमा भाषा हराउनु भनेको केवल शब्दहरूको लोप मात्र नभई सामुदायिक पहिचान र सांस्कृतिक निरन्तरताको क्षय पनि हो भन्ने चेतना स्पष्ट रूपमा पाइयो ।

युवा पुस्तामा प्रतिस्पर्धी भाषाको प्रभाव अझ व्यावहारिक रूपमा देखिन्छ । उनीहरूको दैनिक जीवन, पेशागत आवश्यकता तथा सामाजिक अन्तरक्रियामा नेपाली र अङ्ग्रेजी भाषाको प्रयोग अत्यधिक रहेकाले मातृभाषाको प्रयोग क्रमशः कमजोर बन्दै गएको अवस्था पाइयो। एक सहभागी (Y1, ४० वर्ष) ले भनिन्, "बच्चाहरूलाई बान्तावा बुझाउन खोज्दा पनि उनीहरू स्कुलको भाषा नै ठीक हो भन्ने सोच राख्छन् । नेपाली र अङ्ग्रेजी बोल्न सक्नुलाई राम्रो कुरा मानिन्छ ।" यस भनाइले भाषा र सामाजिक प्रतिष्ठाबिचको सम्बन्धलाई स्पष्ट पार्छ। आधुनिक शिक्षित परिवेशमा नेपाली र अङ्ग्रेजीलाई अवसरको भाषा तथा बान्तावालाई सीमित घरेलु भाषाका रूपमा हेर्ने प्रवृत्ति विकसित हुँदै गएको पाइन्छ । अर्का सहभागी (Y2, ३७ वर्ष) ले भने, "काम गर्ने ठाउँमा बान्तावा बोल्ने अवस्था नै हुँदैन । सबै काम नेपाली वा अङ्ग्रेजीमै हुन्छ । विस्तारै आफ्नै भाषा प्रयोग गर्ने बानी पनि हराउँदै जान्छ ।" त्यस्तै सहभागी (Y3, ३५ वर्ष) ले सार्वजनिक तथा व्यावसायिक जीवनमा मातृभाषाको प्रयोगको आवश्यकता महसुस नहुने अवस्था बढ्दै गएको बताए । यी अनुभवहरूले भाषिक विस्थापन केवल व्यक्तिगत रोजाइको परिणाम नभई शिक्षा, रोजगारी र सामाजिक संरचनासँग सम्बन्धित प्रक्रिया भएको देखाउँछन् । जब कुनै भाषा शक्ति, अवसर र आर्थिक उपयोगिताबाट टाढा पर्दै जान्छ, तब त्यसको व्यावहारिक आवश्यकता पनि कमजोर बन्दै जान्छ ।

बालबालिका तथा किशोर पुस्तामा प्रतिस्पर्धी भाषाको प्रभाव अझ गहिरो देखिन्छ । उनीहरूको भाषिक प्राथमिकतामा नेपाली र अङ्ग्रेजी भाषाले प्रमुख स्थान ओगटेको पाइयो । एक किशोरी सहभागी (B1, १९ वर्ष) ले भनिन्, "हामीलाई त नेपालीमै बोल्न सजिलो लाग्छ । बान्तावा त बाजेबोजुले बोल्ने भाषा जस्तो लाग्छ ।" यस भनाइले पुस्तागत भाषिक दूरीलाई स्पष्ट रूपमा देखाउँछ । बालबालिकाले मातृभाषालाई आधुनिक जीवनसँग कम सम्बन्धित तथा पुरानो पुस्तासँग जोडिएको भाषाका रूपमा ग्रहण गर्न थालेको अवस्था यहाँ देखिन्छ । अर्की सहभागी (B2, १३ वर्ष) ले भनिन्, "स्कुलमा त अङ्ग्रेजी बोल्नुपर्छ, साथीहरूसँग नेपाली बोलिन्छ । त्यसैले हामी पनि त्यही बानीमा हुन्छौँ । बान्तावा बोल्ने मौका नै कम हुन्छ ।" त्यस्तै सहभागी (B3, १५ वर्ष) ले विद्यालय, डिजिटल माध्यम तथा साथीभाइको समूहमा मातृभाषाको प्रयोग नहुने भएकाले नेपाली नै आफ्नो मुख्य भाषा बनेको अनुभव व्यक्त गरे । यी अनुभवहरूले बालबालिकाको भाषिक व्यवहार निर्माणमा विद्यालय, साथीभाइ तथा सञ्चार माध्यमको निर्णायक प्रभाव रहेको देखाउँछन् । परिणामस्वरूप बान्तावा भाषा उनीहरूको व्यावहारिक संसारबाट क्रमशः बाहिरिँदै गएको अवस्था पाइन्छ ।

समग्र तथ्यहरूको विश्लेषण गर्दा नेपाली र अङ्ग्रेजी भाषाको बढ्दो प्रभावले बान्तावा भाषाको सामाजिक तथा व्यावहारिक स्थान क्रमशः कमजोर बन्दै गएको देखिन्छ । शिक्षा, रोजगारी, प्रविधि, सञ्चार तथा सार्वजनिक जीवनमा नेपाली र अङ्ग्रेजी भाषाको वर्चस्व बढ्दै जाँदा बान्तावा भाषाको प्रयोग मुख्यतः घरपरिवार र सीमित सांस्कृतिक सन्दर्भमा खुम्चिएको पाइयो । विशेषतः युवा तथा बालबालिका पुस्ताले अवसर, प्रगति र सामाजिक प्रतिष्ठासँग नेपाली तथा अङ्ग्रेजी भाषालाई जोडेर हेर्न थालेपछि मातृभाषाको प्रयोग र उपयोगिता कमजोर बन्दै गएको देखिन्छ । अध्ययनका तथ्यहरू ग्राइम्स (२०००), युनेस्को (२००३) तथा लुइस र साइमन्स (२०१०) को विस्तारित क्रमिक अन्तरपुस्ता भाषिक अवरोध मापनसूचक (EGIDS) सँग मेल खान्छन् । यी अवधारणाअनुसार भाषाको प्रयोग क्षेत्र साँघुरिनु, सार्वजनिक जीवनबाट विस्थापित हुनु तथा नयाँ पुस्तामा प्रयोग घट्दै जानु भाषिक ह्रासका प्रमुख सूचकहरू हुन् । प्रस्तुत अध्ययनमा पनि बान्तावा भाषा मुख्यतः ज्येष्ठ पुस्ता तथा सीमित पारिवारिक र सांस्कृतिक सन्दर्भमा केन्द्रित बन्दै गएको देखिन्छ। फिसम्यान (१९९१) को अन्तरपुस्तीय भाषिक हस्तान्तरण सिद्धान्तअनुसार नयाँ पुस्तामा मातृभाषाको प्रयोग कमजोर हुँदै जानु भाषिक निरन्तरताका लागि चुनौतीपूर्ण अवस्था हो । त्यसैगरी भिगोत्स्की (१९७८) का अनुसार भाषा सामाजिक अन्तरक्रियामार्फत सिकिने भएकाले युवा तथा बालबालिकाले बान्तावा भाषा प्रयोग गर्ने पर्याप्त सामाजिक वातावरण नपाउँदा यसको प्रयोग र आत्मविश्वास दुवै

कमजोर बन्दै गएको देखिन्छ । न्यौपाने (२०२४) ले उल्लेख गरेका बसाइँसराइ, द्विभाषिक विवाह, सीमित प्रयोग क्षेत्र तथा घट्दो भाषिक सचेतनाजस्ता प्रवृत्तिहरू प्रस्तुत अध्ययनमा पनि देखिएका छन् । यसरी हेर्दा बान्तावा भाषाको चुनौती केवल भाषिक नभई सामाजिक, सांस्कृतिक र संरचनागत प्रकृतिको देखिन्छ । त्यसैले यसको संरक्षण तथा प्रवर्द्धनका लागि मातृभाषालाई परिवार, विद्यालय, समुदाय र सार्वजनिक जीवनसँग पुनः जोड्ने दीर्घकालीन पहल आवश्यक देखिन्छ ।

भाषिक प्रेरणा तथा सामाजिक दबाब

भाषा सिकाइ केवल व्यक्तिगत इच्छाको विषय मात्र नभई सामाजिक वातावरण, प्रयोगको अवसर, सांस्कृतिक स्वीकृति तथा संस्थागत समर्थनसँग पनि सम्बन्धित हुन्छ । अध्ययनका क्रममा प्राप्त तथ्यहरूले धरानस्थित बान्तावा भाषी समुदायमा मातृभाषाप्रतिको आन्तरिक चाहना अझै कायम रहेको देखाए पनि सामाजिक दबाब, सीमित प्रयोग क्षेत्र तथा अवसरको अभावले त्यो प्रेरणा क्रमशः कमजोर बन्दै गएको अवस्था देखाउँछन् । ज्येष्ठ पुस्ताका सहभागीहरूले बान्तावा भाषा सिक्ने प्रक्रिया आफ्नो समयमा स्वाभाविक रहेको बताएका छन् । उनीहरूका अनुसार भाषा परिवार, समुदाय र दैनिक व्यवहारमार्फत सहज रूपमा सिकिन्थ्यो । एक ज्येष्ठ सहभागी (उत्तरदाता J1, ६५ वर्ष) ले भने, "हामीले त सुनेर, हेरेर, ठुलाबडाले बोलेको पछ्याएर सिकेका हौँ । गाउँघरमा सबैले बान्तावा नै बोल्थे, त्यसैले सिक्न गाह्रो भन्ने कुरा थिएन।" अर्की सहभागी (उत्तरदाता J2, ५५ वर्ष) ले भनिन्, "अहिलेका बच्चाहरूलाई सिक्न मन छैन भन्ने होइन, तर उनीहरू त्यो वातावरणमै छैनन् ।" यी अनुभवहरूले अघिल्लो पुस्तामा भाषिक प्रेरणा सामुदायिक भाषिक वातावरणबाट निर्माण हुने गरेको देखाउँछन् । भाषा सिक्नु व्यक्तिगत प्रयासभन्दा सामुदायिक जीवनकै हिस्सा थियो । तर अहिलेको पुस्ताले त्यस्तो भाषिक वातावरण क्रमशः गुमाउँदै गएको अवस्था देखिन्छ ।

युवा पुस्तामा मातृभाषाप्रतिको चाहना र व्यावहारिक असहायताबिच द्वन्द्व देखिन्छ । धेरै सहभागीहरूले भाषा सिक्न र आफ्ना सन्तानलाई सिकाउन चाहेको बताए पनि समय, अभ्यास र अवसरको अभावले त्यो प्रयास निरन्तर हुन नसकेको स्वीकार गरेका छन् । एक सहभागी (उत्तरदाता Y1, ४० वर्ष) ले भनिन्, "सिक्न मन त धेरै छ, तर कहाँ सिक्ने ? कसले सिकाउने ?" अर्का सहभागी (उत्तरदाता Y2, ३७ वर्ष) ले भने, "बच्चाहरूलाई सिकाउन मन छ, तर आफैँलाई पनि धेरै शब्द आउँदैनन् ।" यसबाट भाषिक प्रेरणा बाँकी रहे पनि त्यसलाई व्यवहारमा रूपान्तरण गर्ने सामाजिक तथा संरचनागत आधार कमजोर रहेको देखिन्छ । बालबालिका तथा किशोर पुस्तामा पनि मातृभाषाप्रतिको रुचि पूर्ण रूपमा हराएको छैन । एक किशोरी सहभागी (उत्तरदाता B1, १९ वर्ष) ले भनिन्, "सिक्न मन त छ, तर बोल्न खोज्दा साथीहरूले हाँस्छन् कि जस्तो लाग्छ।" अर्का सहभागी (उत्तरदाता B2, १३ वर्ष) ले भने, "सिक्ने मन त छ, तर बोल्ने ठाउँ नै छैन ।" यी अनुभवहरूले नयाँ पुस्तामा मातृभाषाप्रतिको रुचि कायम रहे पनि विद्यालय, साथीभाइ तथा डिजिटल परिवेशमा नेपाली र अङ्ग्रेजी भाषाको प्रभुत्वका कारण त्यसलाई अभ्यास गर्ने अवसर सीमित रहेको देखाउँछन् ।

समग्र तथ्यहरूको विश्लेषण गर्दा बान्तावा भाषी समुदायमा भाषिक प्रेरणा पूर्ण रूपमा समाप्त भएको नभई सामाजिक दबाब, अवसरको कमी तथा संरचनागत उपेक्षाका कारण दबिएको अवस्थामा रहेको देखिन्छ । विशेषतः युवा तथा बाल पुस्तामा मातृभाषा बोल्दा "जिस्काइने", "पछाडि परेको ठानिने" वा "कम उपयोगी मानिने" मनोवैज्ञानिक दबाब प्रभावकारी देखिन्छ । भिगोत्स्की (१९७८) का अनुसार सिकाइ सामाजिक अन्तरक्रिया र सहयोगी वातावरणमार्फत विकसित हुन्छ । तर अध्ययन क्षेत्रका बालबालिका तथा युवाले बान्तावा भाषालाई सामाजिक रूपमा प्रोत्साहित र उपयोगी भाषाका रूपमा अनुभव गर्न नसकेकाले मातृभाषाप्रतिको प्रेरणा कमजोर बन्दै गएको देखिन्छ । त्यसैगरी फिसम्यान (१९९१) ले जोड दिएझैँ भाषाको निरन्तरता अन्तरपुस्तीय हस्तान्तरणमा निर्भर हुन्छ । अध्ययनबाट युवा पुस्तामा भाषा सिकाउने चाहना रहे पनि त्यसलाई व्यवहारमा रूपान्तरण गर्ने

वातावरण कमजोर रहेको देखिएकाले भाषिक हस्तान्तरणमा चुनौती उत्पन्न भएको छ। यसरी हेर्दा बान्तावा भाषाको चुनौती केवल भाषिक प्रयोगको कमी मात्र नभई भाषिक प्रेरणाको सामाजिक क्षयीकरणसँग पनि सम्बन्धित देखिन्छ।

निष्कर्ष

प्रस्तुत अध्ययनले धरानस्थित बान्तावा भाषी समुदायमा बान्तावा भाषाको प्रयोग, पुस्तान्तरण तथा भाषिक जीवन्तता क्रमशः कमजोर हुँदै गएको अवस्था उजागर गरेको छ। अध्ययनका क्रममा विश्लेषण गरिएका भाषिक पुस्तान्तरण, प्रयोग क्षेत्र, भाषाप्रतिको भावनात्मक सम्बन्ध, प्रतिस्पर्धी भाषाको प्रभाव तथा भाषिक प्रेरणासम्बन्धी तथ्यहरूले विशेषतः युवा र बालबालिका पुस्तामा बान्तावा भाषाको प्रयोग, आत्मविश्वास र अन्तरपुस्तीय हस्तान्तरण निरन्तर कमजोर बन्दै गएको देखाएका छन्। ज्येष्ठ पुस्तामा भाषा अझै पनि सांस्कृतिक पहिचान, आत्मीयता र सामुदायिक सम्बन्धको आधारका रूपमा जीवन्त रहे पनि यसको प्रयोग क्षेत्र घरपरिवार र सीमित सांस्कृतिक सन्दर्भमा खुम्चिँदै गएको पाइयो।

अध्ययनबाट नेपाली र अङ्ग्रेजी भाषाको बढ्दो प्रभाव, मातृभाषा प्रयोगका सीमित अवसर, कमजोर पारिवारिक हस्तान्तरण तथा सहरी परिवेशले बान्तावा भाषाको सामाजिक आधारलाई क्रमशः कमजोर बनाउँदै लगेको देखिन्छ। प्राप्त तथ्यहरू फिसम्यान (१९९१) को अन्तरपुस्तीय भाषिक हस्तान्तरण सिद्धान्त, ग्राइम्स (२०००) को भाषिक जीवन्तता अवधारणा, युनेस्को (२००३) को भाषिक सङ्कट वर्गीकरण तथा लुइस र साइमन्स (२०१०) को EGIDS ढाँचासँग सान्दर्भिक देखिन्छन्। यी आधारमा बान्तावा भाषा ह्रासोन्मुख अवस्थामार्फत क्रमशः सङ्कटग्रस्त अवस्थातर्फ उन्मुख रहेको निष्कर्ष निकाल्न सकिन्छ। त्यसैगरी भिगोत्स्की (१९७८) को सामाजिक–सांस्कृतिक दृष्टिकोणले सङ्केत गरेझैँ भाषाको सीमित सामाजिक प्रयोगले नयाँ पुस्तामा भाषिक सिकाइ, प्रयोग र आत्मपहिचानलाई समेत प्रभावित गरिरहेको देखिन्छ।

यद्यपि अध्ययनले भाषिक पुनर्जीवनका केही सकारात्मक सम्भावनाहरू पनि देखाएको छ। ज्येष्ठ पुस्तामा रहेको भाषिक प्रतिबद्धता, युवा पुस्तामा विद्यमान पहिचानबोध तथा नयाँ पुस्तामा देखिएको सीमित भए पनि मातृभाषाप्रतिको रुचिले बान्तावा भाषाको भविष्य पूर्णतः निराशाजनक नभएको सङ्केत गर्दछ। त्यसैले परिवार, समुदाय, विद्यालय तथा स्थानीय तहबिचको सहकार्यमार्फत मातृभाषाको प्रयोग, हस्तान्तरण र सामाजिक प्रतिष्ठा अभिवृद्धि गर्ने प्रयासलाई प्राथमिकता दिन आवश्यक देखिन्छ। यसो गर्न सकिए बान्तावा भाषाको संरक्षण मात्र होइन, यसको दीर्घकालीन जीवन्तता सुदृढ बनाउन पनि महत्त्वपूर्ण योगदान पुग्ने देखिन्छ।

सन्दर्भसूची

आङ्देम्बे, दावा (२०७८), *पूर्वी नेपालमा बान्तावा भाषाको प्रयोग अवस्थाको अध्ययन,* त्रिभुवन विश्वविद्यालय।

केन्द्रीय तथ्याङ्क विभाग [के.त.वि.] (२०७९), जनगणना २०७८: कोशी प्रदेश तथ्यांक प्रतिवेदन / नेपाल सरकार, राष्ट्रिय योजना आयोग।

क्रेसवेल/Creswell, J. W., & Poth, C. N. (2018). *Qualitative inquiry and research design: Choosing among five approaches* (4th ed.). Sage.

खनाल, विष्णु र जि.सी. कृष्ण बहादुर (२०८०), *शिक्षामा आधारभूत अनुसन्धान पद्धति,* जुपिटर प्रिन्टिङ्ग एण्ड पब्लिसिङ्ग हाउस प्रा. लि.।

ग्राइम्स/Grimes, B. F. (Ed.). (2000). *Ethnologue: Languages of the world* (14th ed.). SIL International.

नेपाल सरकार (२०७४), *बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका,* शिक्षा मन्त्रालय।

नेपाल सरकार (२०७७), *धरान उपमहानगरपालिका वस्तुगत विवरण*। **www.dharan.gov.np**

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।

न्यौपाने, दीपकप्रसाद (२०२४, मे), कोशी प्रदेशमा बोलिने मातृभाषाको अवस्था, *Academic Journal of Sukuna (AJoS)* (Special Issue on Nepali Language and Literature), 4(1), ६९–१०३ ।

प्याटन/Patton, M. Q. (2015). *Qualitative research & evaluation methods* (4th ed.). Sage.

फिसम्यान/Fishman, J. A. (1991). *Reversing language shift: Theoretical and empirical foundations of assistance to threatened languages*. Multilingual Matters.

ब्राउन/Braun, V., & Clarke, V. (2006). *Using thematic analysis in psychology*. *Qualitative Research in Psychology, 3*(2), 77–101.

भिगोत्स्की/Vygotsky, L. S. (1978). *Mind in society: The development of higher psychological processes*. Harvard University Press.

युनेस्को/UNESCO Ad Hoc Expert Group on Endangered Languages. (2003). *Language vitality and endangerment*. UNESCO.

राई, इन्द्र (२०७६), *किराँत इतिहास र भाषाको विकास*, किराँत अनुसन्धान केन्द्र ।

राष्ट्रिय योजना आयोग। (२०७८), राष्ट्रिय जनगणना। काठमाडौँ: केन्द्रीय तथ्याङ्क विभाग ।

लिम्बु, सुभाष (२०७७), नेपालमा मातृभाषा शिक्षाका चुनौती र अवसरहरू, *बहुभाषिक शिक्षा अनुसन्धान पत्रिका*, १०(२), ३५–५० ।

लुइस/Lewis, M. P., & Simons, G. F. (2010). Assessing endangerment: Expanding Fishman's GIDS. *Revue Roumaine de Linguistique, 55*(2),103-120.

सापकोटा, रमेश (२०७९), सामाजिक सञ्जाल र आदिवासी भाषाको पुनर्जीवन, *आदिवासी अध्ययन पत्रिका*, ५(१), २३–४१ ।

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।